नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

# स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी

मिति : २०७८/०४/२९

## "घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना"

प्रस्तुत विषयमा यस स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढीको कार्यालय प्रयोजनको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४३ र सार्वजनिक खरिद नियमावली २०६४ को दशौं संसोधन २०७७ को नियम ९४ को प्रयोजनार्थ धनगढी उप-महानगरपालिकाको मुख्य बजार क्षेत्रमा यस कार्यालयको लागि घर आवश्यक पर्ने भएकोले तपसिलमा उल्लेख गरिए बमोजिमको शर्तहरुको अधिनमा रही घर भाडामा दिन इच्छुक व्यक्ति, फर्म वा संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित रितपूर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

(१) प्रस्तावित घर धनगढी उप-महानगरपालिकाको मुख्य सडकबाट दुई सय मिटरको सेरोफेरोमा हुनुपर्नेछ ।
(२) प्रस्तावित घर भाडाको स्वामित्वको विषयमा कुनै प्रकारको विवाद नरहेको र प्रचलित कानुन बमोजिम भाडामा लिन दिन कुनै प्रकारको बाधा नरहेको हुनुपर्नेछ ।
(३) घर बनेको जग्गाको जग्गाधनी प्रमाणपत्रको पूर्जा हुनुपर्नेछ ।
(४) कम्तीमा ११ वटा कोठा कार्यालय प्रयोजनको लागि उपयुक्त भएको RCC पक्की घर हुनुपर्नेछ ।
(५) कोठाहरुको साइज कार्यालय संचालनका लागि उपयुक्त हुने कम्तीमा ११×१४ फुट वा सो भन्दा बढीको हुनु पर्नेछ । साथै एउटा १६×१२ फुटको वा सो भन्दा बढीको बैठक हलको लागी उपयुक्त हुने कोठा हुनुपर्नेछ ।
(६) प्रस्तावित घरमा विद्युत, पानीको धारा, स्नान कक्ष, सौचालय (कम्तीमा ३ वटा) को उचित व्यवस्था भएको हुनुपर्नेछ ।
(७) प्रस्तावित घरमा टेलिफोन, इन्टरनेट, Air Conditioner, लगायतका सुविधा जडान भईसकेको वा जडान गर्न योग्य हुनुपर्नेछ ।
(८) घरमा रङ रोगन गरेको र कम्पाउण्डमा कम्तीमा पनि ४ वटा चार पाङ्ग्रे गाडि र ६ वटा मोटरसाईकल पार्कीङ गर्न मिल्ने ठाउँ हुनुपर्नेछ ।
(९) प्रस्तावीत घरमा कार्यालय परिसरका लागी कम्तीमा आधा कठ्ठा क्षेत्रफलमा खुला आँगन समेत भएको र कम्पाउण्ड वरीपरी पक्की वाल लगाएको हुनु पर्नेछ ।
(१०) सम्झौता बमोजिम घरभाडाको रकम भूक्तानी गर्दा नियमानुसार लाग्ने बहाल तथा अन्य कर घरधनीले व्यहोर्नुपर्नेछ ।
(११) घर जग्गामा आवत जावतका लागि चार पाङ्ग्रे सवारी साधन जान सक्ने चालु हालतको सडक भएको हुनुपर्नेछ ।
(१२) घरभाडा निर्धारण समितिले निर्धारण गरेको दर रेटमा मात्र घर भाडामा लिइनेछ ।
(१३) भाडा रकम भूक्तानीको तरिका दुवै पक्षको आपसी सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।
(१४) माथि उल्लेखित शर्त वाहेक अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।
(१५) प्रचलित कानुन बमोजिम परेका दरखास्तहरु स्वीकृत गर्ने/नगर्ने अधिकार कार्यालयमा निहित रहने छ ।
(१६) म्याद नाघी वा रित नपुगी प्राप्त प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
(१७) प्रस्ताव पेश गर्नुपर्ने अन्तीम मिति २०७८ साल भाद्र ३ गते बेलुकी ५ बजेसम्म ।

इन्जिनियर

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

(१) जग्गाधनी दर्ता प्रमाणपत्रको फोटोकपी ।
(२) घरधनीको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी ।
(३) कित्ता नम्वर स्पष्ट देखिएको नापी नक्साको फोटोकपी ।
(४) घरको नाप सहितको नक्सा र सम्पूर्ण तलाको विवरण (कोठाहरुको नाप सहित)
(५) नियमानुसार कर तिरेको रसिदको फोटोकपी ।
(६) घरधनीले घरभाडामा दिन चाहेको मुल्य खुलेको निबेदन ।

**प्रस्ताव पेश गर्ने ठेगाना**
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
धनगढी, कैलाली
सम्पर्क: ०९१-५२०४१२



Scanned with CamScanner